नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ६, चैत्र १४ गते, २०७९ साल

**सिद्धलेक गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग १

## सिद्धलेक गाउँपालिकाबाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

गाउँसभाबाट स्वीकृत मितिः २०७९।१२।१३

**प्रस्तावना :**

सिद्धलेक गाउँपालिकाको समग्र विकासका लागि गाउँपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,

सिद्धलेक गाउँपालिकाको गाउँ सभाले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३ को उपदफा ३ तथा नेपालको संविधानको धारा ५९, र २२६ को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम सिद्धलेक गाउँपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन सिद्धलेक गाउँपालिका भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन गाउँसभाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठन संस्थालाई समेत जनाउँछ ।

(ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने मुल रुपमा ८ वटा कर सम्झनु पर्छ ।

(ग) "कर अधिकृत" भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेका कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृत वा साहायक स्तरको कर्मचारी समेतलाई जनाउँछ।

(घ) "कर एकाई" भन्नाले गाउँपालिका कर सम्बन्धी काम कारबाही र निर्णय गर्ने शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको स्थानीय सरकार अर्न्तगतको संगठन संरचना सम्झनु पर्छ ।

(ङ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रकृया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(छ) "गैरकर राजश्व भन्नाले परिच्छेद १४ बमोजिम लाग्ने वा लागेको मुल रुपमा ३ वटा गैरकर राजश्व सम्झनु पर्छ।

(ज) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धलेक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिृकत रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुन सुकै फर्म सम्झनु पर्छ ।

(ट) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुन सुकै व्यक्ति सम्झनु पर्छ ।

(ठ) "सभा" भन्नाले सिद्धलेक गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(ड) "गाउँपालिका" भन्नाले सिद्धलेक गाउँपालिका सम्झनु पर्छ ।

(ढ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४, सम्झनु पर्छ ।

(ण) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **व्याख्या :** यो ऐनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा (४) बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद-२
## राजश्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्त :** (१) कर राजश्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ :

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(छ) पश्चातदर्शी असर नपर्ने गरेर ।

(२) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलब्ध गराईने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

## परिच्छेद-३
## कर प्रशासन सम्बन्धी व्यवस्था

५. **कर प्रशासन :** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकर प्रशासन सिद्धलेक गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाई रहन सक्नेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्था :** (१) स्थानीय सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा स्थानीय सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

७. **कर अधिकृतको कम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।
(ङ) कर तथा गैर कर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।
(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।
(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।
(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा गाउँपालिकालाई सुझव दिने ।
(झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।
(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्ने ।
(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।
(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

८. **अधिकार प्रत्यायोजन :** (१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफुमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।
(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-४
## कर राजश्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति कर :** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेको घर र घरले चर्चेको जग्गामा मूल्यांकित रकमको सम्पत्तिकर व्यवस्थापन कार्यविधिले तोकेको दररेटमा सम्पत्तिकर लगाउने र उठाउने छ ।
(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र घर ले चर्चेको जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।
(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक बर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ।
(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछ :
(क) घरको बनौट (कच्ची वा पक्की )
(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसंगको दुरी ।
(ग) घरजग्गाको व्यापरिक वा आवासीय उपायोगको अवस्था ।
(घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसूची-१ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।
(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तिमा सात प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ ।
(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्यांकन गर्न देहायको घर जग्गा मूल्यांकन समिति गठन गर्न सक्नेछ :
(क) गाउँपालिकाले तोकेको इञ्जिनियर वा प्राविधिक -संयोजक
(ख) गाउँपालिकाले घरजग्गा सम्बन्धी विज्ञ एक जना -सदस्य

(ग) कर इकाई प्रमुख -सदस्य सचिव

(६) घर जग्गा मूल्यांकन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्यांकन समितिले प्रत्येक पाँच बर्षमा घर जग्गा मूल्यांकनका लागि आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्यांकन समितिले वैठकको कार्यविधि आफै निर्धारण गर्न सक्ने छ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्व रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको वरावर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन भित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

११. **घर बहाल कर :** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बहाल आय रकमको व्यवसायीक प्रयोजनको लागी ८ (आठ) प्रतिशतका दरले र वसोवास प्रयोजनको लागी ४ प्रर्तिसतका दरले घर बहाल कर लगाई असुल उपर गर्नेछ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घ र बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ

(३) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनभित्र कर इकाईमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए ता पनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी घरधनीका तर्फबाट कर इकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने घर बहाल कर करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नुपर्ने छ ।

(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्युनतम मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्युनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

१२. **घर जग्गा रजिष्ट्रेसन शुल्क :** (१) गाउँपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क प्रदेश कानुन अनुसार लगाई उठाउन सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउनु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर जग्गा रजिष्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्युनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन गर्ने कार्यालयबाट असूल उपर गरिने छ ।

(६) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला तथा लक्षीत वर्गको हकमा प्रदेश तथा संघिय कानुन अनुसार छुट हुनेछ ।

(७) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई लाग्ने रजिष्ट्रेसन शुल्क सम्बन्धमा प्रदेश तथा संघिय कानुन बमोजिम हुनेछ ।

(८) गाउँपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दा अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी तोकेको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

१३. **भूमिकर (मालपोत) :** (१) गाउँपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्तिकर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कुटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकारले आधार कारण खोली त्यसबाट प्रभावित सबैले समान सुबिधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिन भित्र त्यसको सूचना गाउँ सभाको बैठक चलेको भए गाउँ सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यस पछिको बस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ ।

(६) गाउँपालिकाले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अर्न्तर्तगको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आषाढ महिनाभित्र गाउँपालिका वा सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) गाउँपालिकाले प्राकृतिक प्रकोपको् अवस्था वा विशेष परिस्थिति सृर्जना भएकोमा आधार र कारण खोली गाउँपालिका भर वा त्यस्तो कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ । सो म्याद भित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

१४. **मनोरञ्जन कर :** (१) गाउँपालिकाले चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरञ्जन कर मनोरञ्जन स्थलको संचालकले मनोरञ्जनको लागि टिकट बिक्री गर्दाको अवस्थामा असूल गर्नेछ । यसरी असुल भएको मनोरञ्जन कर रकम मध्ये गाउँपालिकाको संचित कोषमा दाखिला गरी सो को वाडफाड प्रदेश कानुन अनुसार गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असूल गरेको मनोरञ्जन करको रकम असूल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

१५. **विज्ञापन कर :** (१) गाउँपालिकाले सूचनापाटी (होडिङ्ग वोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ । यसरी असुल भएको विज्ञापन कर रकम मध्ये पालिकाले लगाएको सवै र प्रदेशले लगाएको विज्ञापन करको तोकीएको बमोजिमको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी रकम  प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिने छ ।

(४) यस ऐन बमोजिम असूल गरेको विज्ञापन करको रकम असूल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र गाउँपालिकामा दाखिला गर्नुपर्ने छ ।

(५) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुमति पत्र दिंदा सर्वसाधरण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नविकरण गर्नुपर्ने समय, नविकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य विगार्न नहुने कुरा सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापाटी (होडिङ्ग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजश्व गाउँपालिका वा गाउँपालिकाले तोकेको वैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(८) संघीय सरकार, प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन राखेमा कर उठाउनु अघि गाउँपालिकाले सो निकाय संग समन्वय गरी कर असुल गर्नुपर्ने छ ।

(९) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(१०) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन ।

**१६. व्यवसाय कर :** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जनाकारी गाउँपालिकालाई दिनुपर्ने छ ।

(३) यस दफा बमोजिमको व्यवसाय वार्षिक रुपामा बुझाउनु पर्नेछ । कुनै करदाताले  अग्रिम रुपमा ५ वर्षको कर एकमुष्ठ बुझाउन चाहेमा त्यस बापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ । (४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेको विवरणमा हेरफेर परिर्वतन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण पेश गरेको मितिले ६० दिन भित्र गाउँपालिका जानकारी दिनु पर्नेछ ।

(५) गाउँपालिकाले करदाताले यस दफा बमोजिम पेश गरेको विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

**१७. सवारी साधन कर :–** स्थानीय तहले प्रचलित कानुन अनुसार दर्ता गर्ने तथा अनुमती प्रदान गर्ने र सुचिकृत गर्ने सवारी साधनको हकमा आर्थिक ऐनमा भएको व्यवस्था अनुसार सवारी साधन कर लगाउनु पर्ने छ ।

## परिच्छेद-५

## करदाता दर्ता सम्बन्धी व्यवस्था :

**१८. करदाताको पहिचान तथा दर्ता :** (१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र गाउँपालिकालाई कुनै स्रोतबाट प्राप्त सूचना र सो सूचना गाउँपालिकाले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) गाउँपालिकाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

(५) संघीय सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ ।

**१९. करदाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफुलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने ।

(च) गाउँपालिकाले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने ।

(छ) गाउँपालिकालाई आवश्यक सहयोग गर्ने ।

**२०. करदाताको अधिकार :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ ।

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ ।

**२१. करदाताको प्रतिनिधित्व :** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद-६
## विवरण दाखिला सम्बन्धी व्यवस्था :

२२. **विवरण दाखिला गर्न आदेश दिन सक्ने :** (१) यस ऐन बमोजिम कर बुझउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर गाउँपालिकामा विवरण दाखिला गर्नु पर्नेछ ।

२३. **विवरण सच्याउन सकिने :** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले ३ (तीन) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेशगर्न सक्नेछ ।

## परिच्छेद-७
## कर दाखिला सम्बन्धी व्यवस्था

२४. **कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आषाढ मसान्त भित्र गाउँपालिकामा दाखिला गर्नुपर्नेछ ।

२५. **कर दाखिलाको निस्सा दिनुपर्ने :** (१) करदाताले यस ऐन बमोजिम बुझाउनुपर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद-८
## कर फिर्ता र समायोजन

२६. **कर फिर्ता सम्बन्धी व्यवस्था :**(१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कार्यपालिका को निर्णय अनुसार कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

२७. **कर समायोजन सम्बन्धी व्यवस्था :** (१) करदाताले दफा २६ बमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद-९
## कर परिक्षण र कर निर्धारण :

२८. **कर परिक्षण र कर निर्धारण :** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सवै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ :
(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।
(ख) गलत वा झुट्ठा कागजात विवरण संलग्न गरेको देखिएमा ।
(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा ।
(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा ।
(ङ) करको दर फरक पारेकोमा ।
(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरको मितिले चार वर्ष भित्र कर गाउँपालिकाले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ ।

**२८.(क)कर निर्धारण सूचना :** (१) यस ऐन बमोजिम गाउँपालिकाबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र वैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिेखित स्थान र समय सिमा भित्र कर दाखिला गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम कर रकम वैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-१०

## कर संकलन सम्बन्धी व्यवस्था

**२९. कर संकलन सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा वढी तरिका बमोजिम कर असूल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नूपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमाको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकम भन्दा बढी भएमा वढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ । तर लिलाम वढावढ भएको हकमा सकार गरेको मुल्य रकम नै तिर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३०. **किस्तावन्दीमा कर असूली :** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण मनासिब देखिएमा पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुने छैन ।

## परिच्छेद-११

## जरिवाना शुल्क र व्याज

३१. **जरिवाना लाग्ने :** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा गाउँपालिकाले करको विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३२. **व्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

३३. **अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नु पर्ने दायित्व भएका करदाताले अभिलेख नराखेमा रु. १,००० शुल्क लाग्ने छ ।

३४. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु. १००० शुल्क लाग्ने छ ।

३५. **झुट्ठा विवरण दिएमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ ।

३६. **व्याज नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पुन: व्याज लाग्ने छैन ।

## परिच्छेद-१२

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

३७. **पूर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाईएको कर, दस्तुर, शुल्क वा ऐन व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरण लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएको प्रमुख प्रशासकीय अधिकृत द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

३८. **प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन बमोजिम देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैर कर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

३९. **प्रशासकीय पुनरावलोकनको प्रकृया :** (१) यस ऐन बमोजिम कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारर्वाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद-१३

## पुनरावेदन

४०. **उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन ।

४१. **पुनरावेदन दिन सक्ने :** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१४

## गैरकर राजश्व

४२. **सेवा शुल्क तथा दुस्तुर :** गाउँपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफुले पुऱ्याएइको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

४३. **पर्यटन शुल्क :** (१) गाउँपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत सञ्चालन र सभार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पति गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

४४. **दण्ड जरिवना :** (१) गाउपालिकाले आर्थिक ऐन, कानून तथा मापदण्ड अनुसार अनुसुचि ८ बमोजिमका क्षेत्र र विषयमा आवश्यक्ता अनुसार दण्ड जरिवना लगाई उठाउन सक्नेछ ।

४५. **सवारी साधन पार्किङ शुल्क :** गाउँपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी पार्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क लगाई उठाउन सक्नेछ । तर संघीय सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किङ शुल्क उठाउन सक्ने छैन ।

४६. **बहाल विटौरी शुल्क :** गाउँपालिकाले सार्वजनिक, वा गाउँपालिकाको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

४७. **जडीबुटी, कवाडी र जीवजन्तु शुल्क :** गाउँपालिकाले जडीबुटी, कवाडी, जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ ।

४८. **अन्य शुल्क लगाउन सक्ने :** (१) गाउँपालिकाले अनुसूची २ मा उल्लेखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्ने छ ।

(२) गाउँपालिकाले संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिन भित्र गाउँसभाको वैठक चलेको समयमा सभामा र त्यस्तो वैठक नचलेको समयमा त्यस पछी बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्ने छ ।

४९. **छुट वा मिनाहा :** (१) गाउँपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा वार्षिक आर्थिक ऐन अनुसार छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिने छ ।

(२) संघीय सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेमा गाउँपालिकाले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ ।

(३) स्थानीय तहले असुल गरिसकेको गैरकर राजश्व करदाताको माग निवेदकको आधारमा पुस्ट्याई हुने आधार, कारण, अवस्था, विशेष परिस्थिति, मर्काको औचित्यता समेत राजश्व परामर्श समिति वाट विश्लेषण गरी प्रर्तिवेदन प्राप्त भएमा आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न वा फिर्ता दिन सक्नेछ ।

(४) उपदफा (१),(२), (३), बमोजिम गैरकर राजश्वमा छुट वा मिनाह दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको बैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

## परिच्छेद-१५

## समन्वय सम्बन्धी व्यवस्था

**५०. संघीय सरकारसंग समन्वय :** (१) गाउँपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्धार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकद्वार प्रणाली अपनाउन गाउँपालिका वा गाउँपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले संघीय सरकार वा संघीय सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसंग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा संघीय सरकारसंग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अर्न्तगत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परेसरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**५१. प्रदेश सरकारसंग समन्वय :** (१) गाउँपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्धार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकद्वार प्रणाली अपनाउन गाउँपालिका वा गाउँपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसंग सम्बन्धित कर वा गैर कर राजश्वका आधार, दर वा कर प्रशासनका सम्बन्धमा संघ र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अर्न्तगत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परेसरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**५२. केन्द्रीय बैंकसँग समन्वय :** गाउँपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) संग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

**५३. अन्य निकाय, कार्यालय र संस्थासंग समन्वय :** गाउँपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसंग सम्बन्धित विषयमा संघीय सरकार र प्रदेश सरकार अर्न्तगतका सरकारी निकाय, बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ।

## परिच्छेद-१६

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५४. राजश्व सम्बन्धी नयाँ प्रस्ताव :** गाउँपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवाला संग परामर्श गर्नुपर्ने छ। तर यस्तो परामर्श गर्दा प्रचलित कानून र मापदण्ड को पुर्ण पालना गरेर मात्र गर्न सकिनेछ।

**५५.. सूचना सार्वजनिक गर्नुपर्ने :** (१) यस ऐन बमोजिम गाउँपालिकाले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम कर राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई स्थानीय सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्थानीय सरकारले कर र राजश्वका दर हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनको लागि संघीय सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-१७

## विविध

**५६. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारले विद्युतीय माध्यम (अनलाईन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५७. ठेक्का लगाउन नपाइने** : गाउँपालिकाले आफूले असुल गर्नुपर्ने कुनै कर वा राजश्व ठेक्का लगाई उठाउन पाइने छैन । तर गाउँसभाको निर्णय तथा आर्थिक ऐन अनुसार  ढुङ्गा गिटी वालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार व्यवस्था भएको करको हकमा ठेक्का नै लगाउनुपर्नेछ ।

**५८. अनुसूची हेरफेर :** गाउँकार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ । त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकले अनुमोदन गर्नु पर्नेछ ।

**५९. कागजातको ढाँचा** : (१) यो ऐन र यो ऐन अर्न्तगत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधरणको जानकारीको लागि गाउँपालिका कार्यालयको सूचना पाटी, वेभसाइट र स्थानीय पत्र पत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

**६०. सूचना तामेली रीत पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको ।

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) कर इकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

६१. **कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ :

(क) यस ऐन बमोजिम गाउँपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात ।

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नुपर्ने भए सो लाई पुष्ट्याई गर्ने कागजात ।

(२) गाउँ कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

६२. **अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, वयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६३. **आदेश वा निर्देशन दिन सक्ने :** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्राबधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ ।

६४. **कर अधिकृतको परिचय पत्र :** कर इकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६५. **विभागीय कारवाही र सजाय हुने :** (१) कर अधिकृत वा कर प्रशासनसंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उदेश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कनून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको

विषयमा आफैले विभागीय कारबाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुनसक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कार्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन ।

६६. **पुरस्कृत गर्न सक्ने :** (१) गाउँपालिकाले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउन लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुने छ ।

६७. **म्याद, हदम्याद नजाने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतबाट स्थगन र कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

६८. **निर्देशिका वा दिग्दर्शन (म्यानुयल) बनाउने अधिकार :** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न गाउँपालिका वा गाउँपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

६९. यस ऐन ले नसमेटेका कर तथा गैहकर राजश्वका विषयको हकमा प्रचलीत संघीय, प्रदेश कानुन तथा गाउँसभा वाट निर्माण भएको अन्य ऐन तथा सोको नियम कार्यविधि, मापदण्डर सभाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची-१

### (दफा १० उपदफा (४) को (घ) संग सम्बन्धित

### ह्रासकट्टी गर्ने तरिका

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरीका समान कट्टी तरीका (युर्निफर्म चार्ज मेथड) को फिक्सड इन्सटालमेण्ट मेथड अनुसार हुनेछ । यसको गणना  देहाय बमोजिम गर्नु पर्नेछ ।

सुत्र :

$$\text{ह्रासकट्टी रकम} : \frac{\textbf{सम्पत्तिको प्रारम्भिक मुल्य - अनुमानित शेष मुल्य}}{\text{सम्पत्तिको आयु (वर्ष)}}$$

सिद्धलेक गाउँपालिका

## अनुसूची-२

### (दफा ४८ को उपदफा (१) संग सम्बन्धित

स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र

१. खानेपानी, धारा, पोखरी र घाट

२. बिजुली

३. टेलिफोन

४. वातावरण, फोहरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन

५. शौचालय, स्नानगृह

६. सार्वजनिक पार्क

७. हाटबजार

८. पशु बधशाला

९. अतिथि गृह र छात्रबास

१०. अचल सम्पत्ति मुल्यांकन शुल्क

११. मर्मत सुधार ( आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लेखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

सिद्धलेक गाउँपालिका